# जनकपुरधाम उप-महानगरपालिका
## जनकपुवधाम উप-मহानगव़পानिका
# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२
(सवारी साधन, मेशिन तथा उपकरण मर्मत संभार शाखा)
चलानी नं. :- ९८३२

### स्काईभेटर (चेनवाला) भाडामा लिने सम्बन्धी सूचना
(दोश्रो पटक प्रकाशित मिति २०८१।०७।२५)

यस उपमहानगरपालिकाको कार्यालयलाई आ.व.२०८१/८२ मा फोहोरमैला व्यवस्थापन प्रयोजनका लागि स्काईभेटर (चेनवाला) भाडामा लिने निर्णय भएकोले के कति दररेटमा ईन्धन सहित स्काईभेटर (चेनवाला) भाडामा उपलब्ध गराउन सकिने हो ? ईन्धन सहितको दररेट, मेशिनरी औजारको क्षमता उल्लेख गरी आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्न हुन अनुरोध गरिन्छ । पेश भएका शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८१।०८।०२) बिहान ११:०० बजे खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ११:०० बजे खोलिनेछ ।

**शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरु:**

१. मेशिनरी औजार नविकरण भएको ब्लुबुकको प्रतिलिपि १ प्रति
२. मेशिनरी औजार चालकको नविकरण भएको चालक अनुमतिपत्रको प्रतिलिपि १ प्रति
३. मेशिनरी औजार चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४. मेशिनरी औजारको विमा भएको प्रमाणको प्रतिलिपि १ प्रति

न्यूनतम शर्तहरु:

- मेशिनरी औजार राम्रो कन्डिसनको हुनु पर्नेछ ।
- मेशिनरी औजार चालकको तलब भत्ता, खानबस्ने व्यवस्था, खाजा नास्ता खर्चको व्यवस्था मेशिनरी औजार धनीले गर्नु पर्नेछ ।
- मेशिनरी औजारको मर्मत संभार र सर्भिसिङ्गको व्यवस्था मेशिनरी औजार धनीले स्वयमले गर्नुपर्नेछ ।
- मेशिनरी औजार भाडामा लिए पश्चात मेशिनरी औजार २४ घण्टा कार्यालयको नियन्त्रणमा रहनेछ ।
- कार्यालयको अनुमति बिना अन्य प्रयोजनमा मेशिनरी औजार प्रयोग गर्न पाईनेछैन ।
- प्रस्तावित रकममा १० प्रतिशत बहाल कर कट्टा गरिनेछ ।
- मेशिनरी औजार बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक मेशिनरी औजार व्यवस्था गर्ने जिम्मेवारी मेशिनरी औजार धनीको हुनेछ ।
- कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।
- उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- थप जानकारीका लागि कार्यालयको सवारी साधन, मेशिन तथा उपकरण मर्मत सम्भार शाखामा सम्पर्क गर्न सकिनेछ ।

८१/७/२५

राज कुमार केसी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/०८/२५